# नयाँ संविधान निर्माणको ऐतिहासिक यात्रामा दलित आन्दोलनको मार्गचित्र सहितको दलित बडा पत्र २०६८

दलित संसद सचिवालय
अनामनगर काठमाडौं

**प्रस्तावना**

नेपालको कूल जनसंख्याको एक चौथाई अर्थात् ५० लाख भन्दा बढी संख्यामा रहेका दलित समुदाय सामन्तवादी हिन्दू वर्णव्यवस्थामा आधारित राज्य व्यवस्थाका कारण राज्यका राजनीतिक, आर्थिक, सामाजिक, साँस्कृतिक, शैक्षिक लगायतका सबै क्षेत्रमा वञ्चितिकरणमा पारेको तथ्यलाई दृष्टिगत गर्दै त्यसका विरुद्ध दलितहरुले नेपालको हरेक लोकतान्त्रिक आन्दोलन, संघर्ष र क्रान्तिहरु २००७, २०१८, २०२८, २०३६, २०४२, २०४६ साल, १० वर्षे जनयुद्ध र १९ दिने ऐतिहासिक जनआन्दोलन २०६२/६३ मा दलित समुदायको वलिदानीपूर्ण संघर्षको सम्मान गर्दै नेपालमा हालसम्म भएका राजनीतिक परिवर्तन र त्यसवाट प्राप्त उपलव्धीलाई व्यवस्थित गर्दै लैजाने क्रममा भएका नेपाल अधिराज्यको संविधान २०४७, प्रतिनीधि सभाको सार्वजनिक घोषणा २०५८, तत्कालिन सात पार्टी र नेकपा माओवादी बीच सम्पन्न वाह्र बु" दे समझदारीदेखि हालसम्म भएका सम्पूर्ण सम्झौता तथा सहमतिहरु र ऐतिहासिक जन आन्दोलनबाट पुर्नस्थापित प्रतिनीधिसभाद्वारा गरिएको २०६३ जेष्ठ ४, जेठ १६ र जेठ २१ को छुवाछुत मुक्त, धर्म निरपेक्ष राष्ट्र घोषणा, संघीय लोकतान्त्रिक गणतन्त्रको कार्यान्वयनको घोषणा र नेपालको अन्तरिम संविधान २०६३ ले अङ्गीकार गरेको समानुपातिक समावेशी सिद्धान्त प्रवर्धन, संरक्षण तथा कार्यान्वयन गर्न गराउन नागरिक समाज, सञ्चारकर्मी, मानवअधिकारकर्मी, आदिवासी/जनजाति, महिला, मधेसी लगायतका अधिकारकर्मीहरुको समर्थन तथा सहयोगमा दलित एकता आजको आवश्यकता, एकीकृत दलित आन्दोलन हाम्रो प्रतिबद्धता भन्ने मूलमन्त्रलाई आत्मसाथ गर्दै,

नेपाली दलितहरुको सामाजिक, आर्थिक, राजनैतिक, सांस्कृतिक तथा जीविकोपार्जनका सवालमा राजनीतिक दलहरुले आगामी संविधान तथा पार्टीको आन्तरिक संरचना र विचारधारात्मक दस्तावेजहरुमा तल उल्लेखित पक्षहरु र यो सित सूक्ष्म रुपमा जोडिन आउने अन्य विषयहरुलाई राज्य पुनः संरचनाको अभियानमा मूल एजेण्डा बन्नु पर्दछ भन्ने कुरामा अडान कायम गर्दै,

सयुक्त राष्ट्र संघको वडापत्र, मानव अधिकारको विश्वव्यापी घोषणपत्र १९४८, नागरिक र राजनैतिक अधिकारको प्रतिज्ञापत्र १९६६, सामाजिक, सास्कृतिक तथा आर्थिक अधिकार प्रतिज्ञापत्र १९६६, सबै प्रकारका जातीय विभेद उन्मुलन सम्वन्धी अन्तराष्ट्रिय महासन्धि १९६५, महिलामाथि हुने सबै प्रकारका भेदभाव उन्मुलन अभिसन्धि १९७९, वाल अधिकार सम्वन्धि महासन्धि १९८९, अन्तराष्ट्रिय मानवीय कानुन १९४९, दासत्व महासन्धि १९२६ र यातना विरुद्धको महासन्धि तथा महिला हिंसा विरुद्धको संयुक्त राष्ट्र संघीय प्रस्ताव १३२५ ले प्रदत्त गरेको मानव अधिकारका प्रावधानहरु दलितहरुका हकमा कार्यान्वयन नहुनु र जातीय भेदभाव र छुवाछूतका घटनाहरु निरन्तर घटिरहनुको स्थितिलाई गंभिरताका साथ लिदै,

राष्ट्रिय दलित नेटवर्क (RDN) नेपालको आयोजनामा २०६० देखि हालसम्मका दलित संसदका ऐतिहासिक महत्वका निर्णयहरुको कार्यान्वयनप्रति दृढ रहदै "**आर्थिक/सामाजिक प्रगतिशील रुपान्तरणका लागि हरेक क्षेत्रमा दलित सहभागिता, संविधान सभाबाट मात्रै संघीय राज्यको दलितमैत्री संविधानको सुनिश्चितता"** भन्ने मूल नाराका साथ यही २०६८ भाद्र ७ र ८ गतेका दिन संविधान सभाबाट प्रस्तावित १४ वटा प्रदेशबाट समानुपातिक प्रतिनीधित्वका आधारमा मुलुक भरिका दलित प्रतिनिधिहरु, राजनीतिक दलका नेताहरु, नागरिक समाजका अगुवाहरु एवं नेपाली दलित आन्दोलनका नेताहरुको बृहत उपस्थितिमा **आठौं दलित संसद** (**Dalit Parliament**) सम्पन्न गर्दै 'नयाँ संविधान

निर्माण र राज्य-पुन:संरचनाको ऐतिहासिक यात्रामा दलित अधिकार अभियानको मार्गचित्र सहितको काठमाडौं दलित अधिकार वडपत्र जारी गर्दछौं ।

**यो आठौ दलित संसद,**

नेपालको अर्थ-राजनीतिसित जोडिएका सवालहरुमा बन्ने नीति, नियम, योजना, कार्यान्वयन तह तथा अन्य सबै प्रक्रियाहरुलाई दलित समुदायको राजनीतिक, सामाजिक, आर्थिक, सांस्कृतिक विशिष्टताका आधारमा पुर्नमूल्यांकन गर्न माग गर्दै आगामी संविधानको प्रस्तावनामै मुलुकमा विद्यमान जातीय, वर्गीय, क्षेत्रीय, लैङ्गिक समस्या र विभेदप्रति पश्चाताप गर्दै, जातीय विभेद लगाएत सबै किसिमका विभेदहरुको उन्मुलन गरी समतामुलक समावेशी राज्य व्यवस्था स्थापना गर्न, हामी सार्वभौम नेपाली जनताले संविधान सभा मार्फत निर्माण गरिएको संघीय लोकतान्त्रिक गणतन्त्र नेपालको संविधान आफैले निर्माण गरी हामी स्वयं नेपाली जनताले जारी गरेका छौं भन्ने वाक्यांश राखिनुपर्दछ भन्ने माग गर्दै, नेपाल राज्यको परिभाषा गर्दा नेपाल एक स्वतन्त्र, अविभाज्य, सार्वभौमसत्तासम्पन्न, धर्मनिरपेक्ष र छुवाछुतमुक्त समावेशी संघीय लोकतान्त्रिक गणतान्त्रिक राज्यको माग गर्दै, राजतन्त्रको अन्त्य पश्चात जातिवादी जगमा उभिएको सामन्तवादी उत्पादन सम्बन्धको पूर्ण-उन्मूलन र नया" उत्पादन सम्बन्धको तीब्रतर विकासका लागि ठोस आधार तयार गर्न क्रान्तिकारी भूमिसुधारको माग गर्दै यो आठौ दलित संसद दलितहरुसित जोडिएका मुद्धाहरु सम्बोधन गर्न राज्यलाई दवाव सृजना गर्ने उदेश्यले नेपालको अन्तरीम संविधान २०६३ मा दशौं संशोधन सम्वन्धि विद्येयक २०६८, राष्टिय दलित अधिकार आयोगको स्थापन गर्न बनेको विद्येयक २०६६, राष्टिय मानव अधिकार आयोग विधेयक २०६४ हलिया श्रम निषेध तथा पूनस्थापना सम्वन्धि ऐन २०६६ लगायतका ४ बटा विद्येयक, संविधानको पहिलो मस्यौदा जारी गर्ने सम्वन्धि संकल्प प्रस्ताव, जातीय विभेद र छुवाछुत विरुद्धको ऐन तत्काल कार्यन्वयन गर्ने सम्वन्धि संकल्प प्रस्ताव, महिला अधिकार संवन्धी सकल्प प्रस्ताव, सुदुर पश्चिम आयोग गठन गर्ने संकल्प प्रस्ताव, दलित जनसंख्या अनुसुची आयोग गठन गर्ने संकल्प प्रस्ताव, शान्ति प्रकृयालाई तार्किक निर्ष्कषमा पुराउने सम्वन्धि संकल्प प्रस्ताव, बादी विकास बोर्ड गठन गर्ने सकंल्प प्रस्ताव लगायतका ७ बटा संकल्प प्रस्तावहरु र मधेशी दलित र हिंसा, दलित एकता, नेवार समुदाय सम्बन्धि, सगरमाथा आरोहण सफल पुराउने दण्डहिनता र महगिं सम्वन्धि र सहमतिको सरकार गठन गर्ने सम्वन्धि ६ बटा सार्वजानिक महत्वको प्रस्ताव पारित गरि दृढ विश्वासकासाथ आठौ दलित संसद यस दलितअधिकार पत्र मार्फत नेपालका ५० लाख दलितहरुका तर्फबाट आफ्नो सरोकार व्यक्त गर्दछ ।

**क) राजनीतिक तथा नागरिक अधिकार :**

१. राज्यको पुनर्संरचना गर्दा संघीय लोकतान्त्रीक गणतन्त्रात्मक समावेशी राज्यको स्थापना गरिनुपर्दछ साथै पार्टीका सबै तह र निकायमा दलितहरुको सहभागिता, प्रतिनिधित्व र पहुंचको विशेष वैधानिक व्यवस्था गर्न माग गर्दछ ।

२. संविधानसभा मार्फत नयाँ संविधान निर्माण प्रकृयाका सबै समिति, उपसमिति, तथा अन्य सम्पूर्ण क्षेत्रमा दलित महिला, मधेसी दलित, वादी, कर्णालीवासी दलित र नेवार दलितको समानुपातिक प्रतिनिधित्व हुने गरी दलित समुदायको २० प्रतिशत प्रतिनिधित्व सुनिश्चीत गरिनुपर्दछ ।

३. राज्यको पुर्नसंरचनाको प्रंकियाको प्रारम्भिक चरण देखि नै दलित समुदायको सहभागिताको सुनिश्चत गर्ने सवालमा राज्यपुन:संरचन आयोग, उच्चस्तरीय भूमिसुधार आयोग, सत्यतथ्य निरुपण तथा मेलमिलाप आयोग, समावेशीकरण आयोग, संवैधानिक परामर्श समिति लगायतका अन्य समितिहरुमा अनिवार्य रुपमा दलित समुदायको सहभागिताको सुनिश्चतता गरिनुपर्दछ ।

४. राज्यका जनप्रतिनिधिमुलक, संवैधानिक तथा अन्य प्रशासनिक क्षेत्र लगायत सबै निकायहरुमा जनसंख्याको आधारमा अनिवार्य रुपमा  पूर्ण समानुपातिक प्रतिनिधित्व सहित क्षतिपुर्ति अर्थात विशेष अधिकारका रुपमा २० प्रतिशत संवैधानिक वैज्ञानिक आरक्षणको व्यवस्था गरिनुपर्दछ ।

५  राष्ट्रिय दलित आयोगलाई अधिकार सम्पन्न र संवैधानिक बनाइ राष्ट्रिय दलित आयोगका अध्यक्ष पदेन  सदस्य रहने गरी राष्ट्रिय मानवअधिकार आयोगलाई पुनःसंरचना गरिनुपर्दछ ।

६. अधिकारका रुपमा आरक्षणको कार्यक्रम लागू गर्न र दलितहरुको आर्थिक, राजनीतिक र सामाजिक लगायतको अन्य वैज्ञानिक अवस्था निर्क्यौल गर्न विशेष दलित जनसंख्या अनुसुची आयोग गठन गरी दलितहरुको तथ्यांक र अवस्था यर्थाथपरक र दुरुस्त गरिनुपर्दछ ।

७. संघीय राज्यको निर्माण गर्दा दलितहरुको बेग्लै राज्यको निर्माण आवश्यक नभएकोले संघीय राज्य प्रणालीमा दलित समुदायका आर्थिक, राजनैतिक र सामाजिक/सांस्कृतिक समस्याहरुलाई समाधान गर्ने प्याकेज नीति सहित अन्य स्वायत्त प्रदेशहरुको जस्तो अधिकार सहित गैरभौगोलिक संघीय एकाइको संविधानमा नै व्यवस्था गरिनुपर्दछ । स्वायत्त प्रदेशहरुले संविधानमा भएको व्यवस्था कटौती गर्न नपाइने तर बढोत्तरी गर्न पाउने व्यवस्था गरिनुपर्दछ ।

८. मधेसी, नेवारी र कर्णाली दलित, वादी तथा दलित महिलाहरुको संरक्षण, सशक्तिकरण तथा विकासका लागि उनीहरुलाई सक्षम तुल्याउन दलितहरुलाई दिइने वैज्ञानिक आरक्षणमा **"आरक्षणभित्रको आरक्षण"** को नीति लागु गरिनुपर्दछ ।

९. राष्ट्रिय राजनीतिक पार्टीका सबै तह र निकायमा दलित समुदायको समानुपातिक सहभागिता, प्रतिनिधित्व र पहुँचका लागि भावी संविधानमा नै स्पष्ट उल्लेख गरी राजनीतिक पार्टीमा दलित सहभागिताको संवैधानिक सुनिश्चितता गरिनुपर्दछ ।

१०. राजनीतिक दलका सबै तहका नेता तथा कार्यकर्ताहरुका लागि जातीय छुवाछुत तथा भेदभाव विरुद्ध आचारसंहिताको निर्माण गरि प्रभावकारी रुपमा लागु गरिने संवैधानिक व्यवस्था गरिनुपर्दछ ।

११.    लामो समयदेखि जनप्रतिनीधि विहिन रहेको स्थानीय निकायको तत्काल निर्वाचन गरी कम्तीमा १३ प्रतिशत दलित समुदायको सुनिश्चितता सहितको कानूनी व्यवस्था गर्न जोडदार माग गर्दछ ।

**ख) आर्थिक अधिकार :**

१२.   उच्चस्तरीय भूमिअधिकार आयोगका सिफारिशहरुलाई कार्यान्वयन गर्दै दलितहरुका भूमिसंग जोडिएका सम्पूर्ण सवालहरुको समाधान गर्न परम्परागत कृषि प्रणालीमा सुधार सहितको क्रान्तिकारी भूमिसुधारको प्याकेज निर्माण गरि भूमीमाथि भूमीहिन दलितहरुको स्वामित्व सुनिश्चित गरिनुपर्दछ । विशेष गरि हलिया/हरुवाचरुवाहरुलाई पुनस्थापना गर्नको लागि उपयुक्त नीति निर्माण गरि प्रभावकारी कार्यन्वयन गरिनुपर्दछ ।

१३.    शिक्षा, स्वास्थ्य, खाद्यअधिकार र रोजगारीलाई मौलिक हकका रुपमा लागू गर्दै दलितहरुको रोजगारीको सम्पूर्ण व्यवस्था राज्यले गर्ने कुराको ग्यारेण्टी गरिनुपर्दछ । दलित समदायका परम्परागत पेशासंग सम्बन्धित उद्योग व्यवसायमा उनीहरुलाई अग्राधिकार दिइनुपर्दछ ।

१४.    दलितहरुका परम्परागत सीप तथा पेशा विस्थापन गर्न मुख्य भूमिका निर्वाह गरिरहेको राज्यको खुला बजार अर्थनीतिलाई परिवर्तन गरी तीन खम्बे मिश्रित अर्थ व्यवस्था लागु गरिनुपर्दछ ।

१५.    दलितहरुको सीप तथा पेशाको आधुनिकीकरण गर्दै लघु उद्योगको स्थापना र दलित समुदायलाई व्यवसाय प्रर्वद्धन गर्न सरकारी अनुदान र सहजरुपमा धितोपत्र ऋणको व्यवस्था गरिनुपर्दछ । दलितहरुलाई निशुल्क अनुदान र उत्पादित सामानहरुको बजार व्यवस्थापनको सुनिश्चित गरिनुपर्दछ ।

१६. सामन्ती भू-उत्पादन सम्बन्धले निर्धारण गरिएका श्रम शोषणका रुपहरुः हलिया, कमैया, हरुवा, चरुवा, बालिघरे, डोली, भु" ड, सिनो खाने तथा फ्याँक्ने, बेठबेगारी, कम्लरी लगायतका सबै बाँधा श्रम प्रथा अन्त्य गरी उनीहरुको पुनर्स्थापनाको व्यवस्था गरिनुपर्छ । साथै सामन्ती भू-उत्पादन सम्बन्ध संग जोडिएका घटनाहरुमा श्रम अदालतको स्थापना गरी छिटो भन्दा छिटो न्याय दिलाउने व्यवस्था गरिनुपर्दछ ।

१७. राज्यका विकास निर्माण तथा सामाजिक सुधार सम्बन्धी सम्पूर्ण योजना तथा गैरसरकारी क्षेत्रबाट सञ्चालन हुने कार्यक्रमहरुले अनिवार्य रुपमा दलित समुदायलाई समेट्ने तथा समावेशीकरण गर्नैपर्ने नीतिगत व्यवस्था गरिनुपर्दछ ।

१८. हरेक अन्तराष्ट्रिय गैरसरकारी निकायहरु र दातृ निकायहरुमा सकारात्मक तथा समावेशी वैज्ञानिक आरक्षणको सिद्धान्तलाई आत्मसाथ गर्दै दलित अधिकार सवाल विभागको स्थापना गरी त्यसको प्रमुख दलित नै हुने अनिवार्य व्यवस्था गरिनुपर्दछ ।

१९. नेपाल सरकारको हरेक बर्ष संसदमा प्रस्तुत गर्ने बजेटमा २३ प्रतिशत दलित समुदायको शिक्षा, स्वास्थ्य, रोजगारी र सशक्तिकरणको निमित्त छुटाउनुपर्दछ ।

**ग) सामाजिक तथा साँस्कृतिक अधिकार :**

२०. दण्डहीनताको अन्त्य गरी छुवाछूतलाई राज्य विरुद्धको अपराध, मानवता र गम्भिर सामाजिक अपराधको रुपमा परिभाषित गर्दै यसका अपराधीहरुलाई राज्यबाट पासपोर्ट रोक्का गर्ने, कर्मचारी भए ग्रेड रोक्का गर्ने, राजनीतिक उम्मेदरवार हुनबाट अयोग्य हुने जस्ता कडा कानुनी कारवाहीको व्यवस्था संविधानमै गरिनुपर्दछ ।

२१. राजनीतिक दलहरुका सबै तहमा, सरकारी तथा गैर सरकारी निकायका कर्मचारीहरुका लागि जातीय छुवाछूत तथा भेदभाव सम्बन्धी आचारसंहिताको निर्माण गरिनुपर्दछ ।

२२. हरेक न्यायिक तथा अर्धन्यायिक निकायमा छुवाछूत अपराध निगरानी केन्द्रको व्यवस्था गरिनुपर्दछ । र केन्द्रीय तहमा जातीय छुवाछूत र विभेद हेर्ने विशेष अदालतको व्यवस्था गरिनुपर्दछ ।

२३. वादी समुदायमाथिको राजनीतिक, आर्थिक तथा सामाजिक-सांस्कृतिक उत्पीडनको समूल अन्त्य गरिनुपर्दछ । साथै वादी अधिकार आन्दोलन र सरकार वीच भएको सम्झौता मुताविक बनेको वादी अध्ययन कार्यदलको प्रतिवेदन व्यवहारमा तत्काल कार्यान्वयन गरिनुपर्दछ ।

२४. हलिया आन्दोलन र नेपाल सरकार बीच भएको सम्झौता अनुसार बनेको हलिया समस्या समाधान गर्न गठित कार्यदलको सिफरिश तत्काल लागू गर्नुपर्दछ ।

२५. दलित समुदायले परम्परादेखि गर्दै आएको पेशा वा व्यवसायलाई राज्यले आधुनिकरण गरि उनीहरुको सशक्तिकरण र आत्मनिर्भर हुने तर्फ सहयोग पुराउनुपर्दछ ।

२६. दलित समुदायभित्र प्रचनलनमा रहेका प्रथा, परम्परा र चाडपर्वहरुलाई राज्यले संरक्षण र प्रर्वद्धन गर्ने पहल गर्नुपर्दछ । साथसाथै त्यस्ता प्रथा परम्पराहरुलाई उनीहरुको आम्दानीको स्रोतमा आवद्ध गर्दै उनीहरुको आर्थिक विकासमा सहयोग गर्नुपर्दछ ।

२७. दलित महिलामाथि हुने सवै खाले हिंसाको विरोध गर्दै दलित महिलाहरुको हरेक क्षेत्रमा सहभागिता गराउँदा आम महिलामा ५० प्रतिशत वैज्ञानिक आरक्षणको व्यवस्था गरी त्यसभित्र २० प्रतिशत दलित महिलाको निमित्त संवैधानिक र कानूनी व्यवस्था गरिनुपर्दछ । अन्तरजातीय विवाहका कारण उत्पन्न जटिलताहरुको समाधान गरी दलित महिलाहरुको स्वास्थ्य, शिक्षा, रोजगारी लगायतमा विशेष ध्यान पुर्‍याउनुपर्दछ ।

**घ) शिक्षा र स्वास्थ्य सम्बन्धि अधिकार**

२८. वर्तमान दुईखाले नागरिक उत्पादन गर्ने शिक्षा नीति परिवर्तन गरिनुपर्दछ । अधिकारका रुपमा सबै दलितहरुलाई छात्रवृत्ति सहित उच्च शिक्षासम्म निःशुल्क पढ्ने व्यवस्था सुनिश्चित गर्दै बिभिन्न शैक्षिक तथा प्राविधिक  क्षेत्रमा अधिकारका रुपमा वैज्ञानिक आरक्षणको व्यवस्था गरिनुपर्दछ ।

२९. दलित विद्यार्थीलाई कक्षा कोठा तथा कोठा बाहीर जातीय आधारमा गरिने भेदभावले उनीहरुको मौलिक हक तथा मानव अधिकारको हनन् हुने हुदाँ त्यस्ता कार्यमा संलग्न तथा प्रोत्साहन गर्नेलाई कडा भन्दा कडा कारबाही गर्नुपर्दछ ।

३०. स्वास्थ्य सेवाको नीजिकरणलाई रोकी स्वास्थ्य सेवालाई मौलिक अधिकारका रुपमा स्थापित गरी दलित समुदायको स्वास्थ्य सेवामाथिको पहुँच सुनिश्चित गरिनुपर्छ । साथै विपन्न दलितहरुका लागि राज्यबाट निःशुल्क उपचारको व्यवस्था गरिनुपर्दछ ।

३१. दलित समुदायका बालबालिकालाई विद्यालयस्तरको शिक्षा सम्म पाठ्यपुस्तक, पोषाकको उपलब्ध गराउनु पर्दछ भने दलित विद्यार्थीहरुलाई उच्च शिक्षालाई निशुल्क र पहुँच योग्य बनाउनुपर्दछ ।

३२. दलितहरुमा विद्यमान गरिवीको तहगत विश्लेषण गरी यातायात, शिक्षा, स्वास्थ्य र अन्य उपभोग तथा जीविकोपार्जनसँग जोडिएका सेवा र सुविधाहरु कम्तीमा २० प्रतिशत छूट हुने गरी दलित सुविधा कार्ड (Privilege Card) को व्यवस्था गरिनुपर्दछ ।

३३. दलित समुदायको वर्तमान शिक्षाको अवस्थामा सुधार गर्न एक विद्यालय एक शिक्षकको प्रावधानलाई राज्यले अनिवार्य रुपमा सुनिश्चित गनुपर्दछ । साथै राष्ट्रिय स्तरमा एक दलित शिक्षा विकास कोषको स्थापना गरिनुपर्दछ ।

**ङ) जनजीविकाका सवालहरु**

३४. पश्चिम सेती परियोजना कार्यान्वयन गर्दा त्यस क्षेत्रमा रहेका हजारौं दलित समुदाय र गरीव जनताहरु विस्थापित हुने निश्चित भएकोले उनीहरुको बीचमा व्यापक छलफल गरी पुनःस्थापनाको सुनिश्चित गर्न जोडदार माग गर्दछ ।

३६. दलित समुदायको गरिवी र बेरोजगारीको समस्यालाई मध्यनजर गर्दै दलित समुदायको खान पाउने अधिकारलाई दलित समुदायको मानवअधिकारको रुपमा स्वीकार गर्दै उनीहरुको खाद्य अधिकारको सुनिश्चित गरिनुपर्दछ ।

३७. मुलुकमा वातावरण परिवर्तनका कारण विभिन्न स्थानहरुमा विगतभन्दा द्रुततर गतिमा वाढी, पहिरो तथा प्राकृतिक प्रकोपका कारण सबैभन्दा बढी दलित समुदाय नै प्रभावित भएका छन । सो घट्नाप्रति नेपाल सरकार र सरोकारवालाहरुको ध्यानाकर्षण गर्दै उनीहरुको संरक्षण विकासका लागि आवश्यक प्याकेज निर्माण गर्न जोडदार माग गर्दछ ।

**गणेश वि.के**
**अध्यक्ष**
**राष्ट्रिय दलित नेटवर्क**